**NEPS**
NEPAL ELECTRONIC PAYMENT SYSTEMS LTD.

**नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेड**
दुगड मार्ग, नक्साल, काठमाडौं, फोन नं. ४५११६८७, ४५११७०१
नेपाल राष्ट्र बैंकबाट "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न अनुमति प्राप्त संस्था

# नवौं बार्षिक साधारण सभा बस्ने बारेको सूचना

**सूचना प्रकाशित मितिः २०७९/०८/०७**

नेपाल ईलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडको मिति २०७९/०८/०६ गते बसेको संचालक समितिको १४७औं बैठकको निर्णय अनुसार कम्पनीको नवौं बार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, स्थान र समय**

**मिति** : २०७९/०८/२९ गते **समय** : अपरान्ह ४.०० बजे
**स्थान** : आरण्य बुटिक होटेल, मनकामना रोड हात्तीसार, नक्साल काठमाण्डौं
**माध्यम** : भौतिक उपस्थिति मार्फत

**प्रस्तावहरू**

**(क) साधारण प्रस्तावः**

१. आर्थिक बर्ष २०७८/७९ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरि सोलाई पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, तथा सोहि मितिमा समाप्त भएको आर्थिक बर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रबाह विवरण छलफल गरि स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम १०% नगद लाभांश (कर सहित) स्वीकृत गर्ने ।
४. आर्थिक बर्ष २०७९/८० का लागि लेखा परिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्ताब**

१. नेप्स र अन्य उपयुक्त संस्था एक आपसमा गाभ्न गाभिन (मर्जर गर्न वा प्राप्ति गर्न) उपयुक्त देखिएमा, संस्थाको चल अचल सम्पति र दावित्व तथा कारोवारको मुल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धि सम्झौता गर्न तथा सो सम्बन्धि आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**संचालक समितिका आज्ञाले**
**कम्पनी सचिव**